# लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको

## तेइसौं (२३औं) वार्षिक साधारण सभाको

<u>काम कारवाहीको विवरण (माईन्यूट)</u>

१. **प्रारम्भिकः**

कम्पनी ऐन २०६३ र यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको नियमावली बमोजिम कम्पनीको २३ औं वार्षिक साधारण सभा सञ्चालक समिति सदस्य श्री रत्नाकर पटनायकज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो।

२. **सभा भएको मिति, स्थान र समयः**

मितिः २०८२ साल आषाढ ३० गते सोमबार (१४ जुलाई २०२५)

स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।

समयः बिहान ११.४५ बजे प्रारम्भ भई अपरान्ह १.१५ बजे सम्पन्न।

३. **सभाको सूचनाः**

यस कम्पनीको २३ औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ बमोजिम प्रथम पटक २०८२/३/५ गतेको कारोबार दैनिक, दोस्रो पटक २०८२/३/१५ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचना एवं यस कम्पनीको वेभसाइटमा राखिएको सूचना बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषय सूचिको साथै आ.व. २०८०/८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो।

४. **छलफल गरिएका विषय सूचिः**

(क) <u>साधारण प्रस्तावहरुः</u>

(१) अध्यक्षद्वारा सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०८०/८१ प्रस्तुत गरी अनुमोदन गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम बहालवाला लेखापरीक्षक श्री के.जे. एशोशिएट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)

(४) सञ्चालक समितिबाट प्रस्तावित ०.५२६३१६७९० प्रतिशत नगद लाभांस पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ)।

(५) सर्वसाधारण शेयरधनीतर्फ (समूह ख ) बाट १ जना सञ्चालकको निर्वाचन गर्ने।

(६) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने।

**(ख) बिशेष प्रस्तावहरुः**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने। बोनस वितरणपछि कायम हुन आउने दशमलवपछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने।

(२) विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरे पश्चात हुने शेयर संरचनामा कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही मुताबिक कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक दफाहरु संसोधन गर्ने प्रस्ताव पारित गर्ने।

(३) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

**(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु।**

**५. उपस्थितिः**

**५.१ सञ्चालकहरुको उपस्थितिः**

(क) श्री रत्नाकर पटनायक - सञ्चालक/सभाध्यक्ष (विद्युत्तिय माध्यम)

(ख) श्री अशोक कुमार अग्रवाल - सञ्चालक

(ग) श्री प्रविन कुमार मोलरी - सञ्चालक (विद्युत्तिय माध्यम)

(घ) श्री प्रणय कुमार - सञ्चालक/ प्रमुख कार्यकारी अधिकृत

(ङ) श्रीमती कोमल अग्रवाल - सञ्चालक

## ५.२ कम्पनी पदाधिकारीको उपस्थिति:

| | | | |
|---|---|---|---|
| (क) | श्री ए दत्ता | - | नायब प्रमुख कार्यकारी अधिकृत |
| (ख) | श्री रोहित बुदियाल | - | प्रमुख - सूचना प्रविधि विभाग |
| (ग) | श्री सुदर्शन गिरी | - | कम्पनी सचिव |
| (घ) | श्री श्रीखण्ड श्रेष्ठ | - | प्रमुख-दावी भिभाग |
| (ङ) | श्रीमती सिर्जना नेपाल | - | प्रदेश प्रमुख- बागमती प्रदेश |
| (च) | श्रीमती जिरेनियम श्रेष्ठ | - | प्रमुख- मानव संसाधन विभाग |
| (छ) | श्रीमती ममता पौडेल | - | प्रमुख - पोलिसी सर्भिसिङ विभाग |
| (ज) | श्रीमती सबिना श्रेष्ठ | - | प्रमुख - अण्डरराइटिङ विभाग |
| (झ) | श्रीमती संगीता मैनाली | - | प्रमुख - लगानी विभाग |
| (ञ) | श्री गिरिराज घिमिरे | - | प्रमुख - अफिस सर्भिस विभाग |
| (ट) | श्री प्रकाशभक्त उपाध्याय | - | प्रमुख - मार्केटिङ्ग विभाग |
| (ठ) | श्री दामोदर पौड्याल | - | प्रमुख - लेखा विभाग |
| (ड) | श्री ध्यानी मण्डल | - | प्रमुख -जोखिम व्यवस्थापन/ सम्पत्ति शुद्धिकरण विभाग |

साथै कर्पोरेट कार्यालयका अन्य कर्मचारीहरुको उपस्थिति रहेको।

## ५.३ अन्य:

| | | | |
|---|---|---|---|
| (क) | श्री बेद प्रसाद खतिवडा (सहायक रजिष्ट्रार) | - | **पर्यवेक्षक** - कम्पनी रजिष्ट्रारको कार्यालय |
| (ख) | श्री बिशेष चौधरी | - | **बाह्य लेखा परिक्षक** - के.जे एण्ड एशोशिएट्स |
| (ग) | श्री मिथिलेश कुमार सिंह (वरिष्ठ अधिवक्ता) | - | निर्वाचन अधिकृत |

## ६. शेयरधनीहरुको उपस्थिति:

भौतिक रुपमा जम्मा उपस्थित संख्या: १३७

Life Insurance Corporation (Nepal) Ltd.

७. **गणपुरक संख्या एवं वैधानिकता:**

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक/ सर्वसाधारण समूह) | २९,६२९ जना | १३७ | ७२.४१६ % |
| शेयरधनीहरुले ग्रहण गरेको कित्ता | ५,००,००,००० कित्ता | ३,६२,०७,७६८ कित्ता | |

सभाको प्रारम्भमा उद्घोषक कम्पनी सचिव श्री सुदर्शन गिरीले यो २३ औं वार्षिक साधारणसभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कूल सहभागी संख्या १३७ रहेको र कूल शेयरको ७२.४१६ प्रतिशत प्रतिनिधित्व भएको हुँदा गणपुरक संख्या पुगेकोले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनुभयो।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन:**

कम्पनीको २३ औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१५ (ग) बमोजिम सञ्चालक समिति सदस्य श्री रत्नाकर पटनायकज्यूले गर्नु भयो र तत्पश्चात शभामा भौतिकरुपमा उपस्थित सञ्चालकहरुले पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत् प्रारम्भ गर्नु भयो। प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ को अधिनमा रही सभाध्यक्ष श्री रत्नाकर पटनायकज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो।

९. **२३ औं वार्षिक प्रतिवेदनको प्रस्तुति:**

सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभाध्यक्ष श्री रत्नाकर पटनायकज्यूले शेयरधनी महानुभावहरूलाई आफ्नो स्वागत मन्तव्य सहित आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन अंग्रेजी भाषामा सभामा प्रस्तुत गर्नुभयो। अध्यक्षको मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको तेइसौं वार्षिक प्रतिवेदन उपर छलफलमा भाग लिई आ-आफ्नो विचार, जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्न इच्छुक शेयरधनीहरूलाई सभाध्यक्षको अनुमतिले कम्पनी सचिवले आह्वान गर्नुभयो।

१०. **छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनीहरू:**

(क) श्री चन्द्रनारायण श्रेष्ठ

(ख) श्री व्यास कुमार शर्मा

(ग) श्री उत्तमदत्त पाण्डे

(घ) श्री नरसिंह लाल चखूँ

Life Insurance Corporation (Nepal) Ltd.

(ङ) श्री रामगोपाल महर्जन

(च) श्री ब्रम्हदेव शाक्य (लिखित मन्तव्य)

(छ) श्री सुदिप श्रेष्ठ (लिखित मन्तव्य)

(ज) श्री बैजुनाथ रौनियार (लिखित मन्तव्य)

(झ) श्री भेषराज भण्डारी (लिखित मन्तव्य)

(ञ) श्री जगन्नाथ आचार्य (लिखित मन्तव्य)

(ट) श्री लक्ष्मण ब. श्रेष्ठ (लिखित मन्तव्य)

(ठ) श्री दिवाकर खड्का (लिखित मन्तव्य)

**११. छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश:**

- कम्पनीको वित्तिय विवरण सरसर्ती अध्ययनगर्दा सन्तोषजनक रहेको र हाल कम्पनीले प्रदान गरेको १० प्रतिशत बोनस शेयर प्रति खुशी व्यक्त गर्दै आगामी वर्ष कम्पनीले उच्चतम लाभांश प्रदान गरोस भन्ने कामना गर्नुभयो।
- कम्पनीको रेटिङ A बाट A+ मा स्तरोन्नति भएकोमा खुशी व्यक्त गर्दै विषम परिस्थितिमा पनि कम्पनीले नाफा आर्जन गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो।
- बजारमा अस्वस्थ प्रतिस्पर्धा बढेकोले संलाचन खर्चमा मितव्ययिता ल्याउन र भविष्यमा बीमा व्यवसायमा प्रतिस्पर्धा बढ्नसक्ने तर्फ संकेत गर्दै सो को लागि उपयुक्त रणनिति निर्माण गर्न आग्रह गर्नुभयो।
- वार्षिक प्रतिवेदनमा पुनर्बीमा कम्पनीहरुको विस्तृत विवरण समावेश गर्न र संस्थागत सामाजिक उत्तदायित्व (CSR) अन्तर्गतको गतिविधिहरु स्थापित मापदण्ड भित्र रहेर गर्न अनुरोध गर्नुभयो।
- बीमा लेख धितो राखी प्रदान गरिएको ऋणको ब्याज असुल उपरमा ध्यान दिन र लगानीलाई विभिन्न क्षेत्रमाहरुमा विविधिकरण गर्नुपर्नेमा जोडदिन आग्रह गर्नुभयो।
- हकप्रद शेयर जारी गरी न्यूनतम चुक्ता पूँजी कायम गर्न सफल भएकोमा बधाई ज्ञापन गर्दै आगामी साधारण सभा यथाशक्य चाँडै सम्पन्न गर्न र कर्पोरेट भवन निर्माण गर्न सुझाव प्रदान गर्नुभयो।
- बीमालेख बिक्री संख्यामा कमी आएको भए ता पनि प्रमुख वित्तिय सुचांकहरू सन्तोषप्रद रहेकोमा खुशी व्यक्त गर्दै कम्पनीको आगामी २४ औं साधारण सभा समयमै सम्पन्न होस् भन्ने कामना गर्नुभयो।
- नेपाल बीमा प्राधिकरणले वित्तिय विवरण स्वीकृत गर्दा दिएको शर्तहरुमा सुधार गर्न र संस्थागत सुशासन पालनामा कम्पनी अब्बल ठहरियोस् भन्ने चाहना व्यक्त गर्नुभयो।

Insurance Corporation (Nepal)

- कमजोर देखिएका वित्तिय सुचांकहरुमा ध्यान दिन र CSR अन्तर्गतको खर्चहरू गरिबी निवारणमा केन्द्रित गर्न सुझाव प्रदान गर्नुभयो ।

१२. **शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तरः**

सभाध्यक्ष श्री रत्नाकर पटनायकज्यूले शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति सामुहिक जवाफ दिनुहुँदै शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकारात्मक प्रतिक्रिया र सुधारका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि हार्दिक आभार प्रकट गर्नु भयो। यस वर्ष कम्पनीको लगानीमा बृद्धि भई आम्दानीमा पनि बृद्धि भएको, कम्पनीको रेटिङ "A" बाट "A+" मा स्तरोन्नति भएको जानकारी साधारण सभालाई गराउँदै यसको श्रेय सबै सरोकारवालाहरूलाई जाने भनी खुशी व्यक्त गर्नुभयो।

त्यसै गरी सभाध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रणय कुमारले शेयरधनीहरुको थप प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिई सवै शेयरधनी महानुभावहरुको जिज्ञासालाई मेट्नु भयो । आगामी वर्षको लाभांशबारे चर्चा गदै श्री कुमारले शेयरधनी महानुभावहरूलाई उचित प्रतिफल दिन आफ्नो दिलोज्यानले प्रयत्न गरिरहेको जानकारी गराउनु भयो।

त्यसैगरी कम्पनीको आफ्नै कर्पोरेट भवन कहिले निर्माण हुने भन्ने जिज्ञासामा श्री कुमारले हाल कम्पनीको स्वामित्वमा रहेको आफ्नै जग्गामा भवन बनाउने बारेमा संचालक समितिमा छलफल चलिरहेको र सो बारेमा प्राविधिक अध्ययन भईरहेको समेत सभालाई जानकारी गराउनु भयो।

१३. **सभाको निर्णयः**

(क) **साधारण प्रस्ताव अन्तर्गत भएका निर्णयहरुः**

(१) **अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०८०/८१ प्रस्तुत गरी अनुमोदन गर्ने।**

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०८०/८१ सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(२) **लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।**

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८०/८१ को वासलात, आय-व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(३) **लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम बहालवाला लेखापरीक्षक श्री के.जे. एशोशिएट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)**

Insurance Corporation (Nepal) Limited

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको लेखा परिक्षण समितिको सिफारीस बमोजिम श्री के.जे. एशोसिएट्सलाई **पुनः नियुक्त** गर्न मु.अ.क बाहेक रू १२,००,०००/- (बान्ह लाख) पारिश्रमिक निर्धारण गरि सो लाई अनुमोदन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो ।

**(४) संचालक समितिबाट प्रस्तावित ०.५२६३१६७९० प्रतिशत नगद लाभांस पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ) ।**

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको सञ्चालक समितिबाट प्रस्तावित ०.५२६३१६७९० प्रतिशतको दरले हुने रु. २,६३,१५,७८९/- बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर) वितरण गर्न गरेको प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो ।

**(५) सर्वसाधारण शेयरधनीतर्फ (समूह ख ) बाट १ जना संचालकको निर्वाचन गर्ने ।**

कम्पनीको नियमावली अनुसार सर्वसाधारण शेयरधनीतर्फ (समूह ख ) बाट १ जना सञ्चालकको निर्वाचन सम्बन्धमा आवश्यक जानकारी गराइदिन सभाध्यक्षको आज्ञाले कम्पनी सचिव श्री सुदर्शन गिरीले निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता मिथिलेश कुमार सिहंलाई अनुरोध गर्नुभयो । निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धमा प्रकाशित निर्वाचन तालिका बमोजिम सम्पन्न भएका विभिन्न कार्यहरुको विस्तृत जानकारी दिदैं उम्मेदवारी मनोनयनको लागि निर्धारित समयावधि भित्र सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्दै लाइफ केयर डिष्ट्रीब्युटर्स प्रा.लि.का प्रतिनिधि श्रीमती कोमल अग्रवाल बाहेक अन्य कसैको पनि उम्मेदवारी नपरेकोले उहाँ निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउँदै निर्विरोध निर्वाचित श्रीमती कोमल अग्रवाललाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभयो । साथै, नवनिर्वाचित सञ्चालकलाई सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत तथा सभामा उपस्थित सबैले बधाई ज्ञापन एवं स्वागत गर्नुभयो ।

**(६) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।**

संस्थापक शेयरधनी भारतीय जीवन बीमा निगमबाट प्रतिनिधित्व गर्नु हुने सञ्चालक श्री तबलेश पाण्डेय सेवा निवृत्त भई निजको रिक्त स्थानमा निगमले सिफारिश गरे बमोजिम श्री रत्नाकर पटनायकलाई सञ्चालक समितिको सदस्य पदमा गरेको नियुक्तिलाई अनुमोदन गर्न अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिका साथ पारित गरियो ।

**(ख) विशेष प्रस्ताव अन्तर्गत भएका निर्णयहरू:**

**(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस वितरणपछि कायम हुन आउने दशमलवपछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।**

Insurance Corporation (Nepal) Ltd.

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको १० प्रतिशतको दरले हुने रु. ५०,००,००,०००/- बराबरको बोनस शेयर जारी गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो । साथै बोनस वितरणपछि कायम हुन आउने दशमलवपछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्तावलाई सभाद्वारा सर्व सम्मतिकासाथ पारित गरियो ।

(२) **विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरे पश्चात हुने शेयर संरचनामा कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही मुताबिक कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक दफाहरु संसोधन गर्ने प्रस्ताव पारित गर्ने ।**

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएको बोनस शेयर जारी गरे पश्चात हुने शेयर संरचनामा कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही मुताबिक कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक दफाहरु देहाय बमोजिमको संसोधन गर्ने प्रस्तावलाई सभाद्वारा सर्व सम्मतिकासाथ पारित गरियो ।

**प्रबन्धपत्रमा संशोधन**

| दफा | साबिकको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|---|
| ५ (क) | कम्पनीको अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब) हुनेछ, जुन प्रत्येक रु. १००/- को दरले ५,००,००,००० वटा साधारण शेयरमा विभाजन गरिएको छ। हाललाई अग्राधिकार शेयरको व्यवस्था गरिएको छैन। | कम्पनीको अधिकृत पूँजी रु. ५,५०,००,००,०००/- (पाँच अर्ब पचास करोड) हुनेछ, जुन प्रत्येक रु. १००/- को दरले ५,५०,००,००० वटा साधारण शेयरमा विभाजन गरिएको छ । हाललाई अग्राधिकार शेयरको व्यवस्था गरिएको छैन। |
| ५ (ख) | हाललाई कम्पनीको जारी पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब) हुनेछ। | हाललाई कम्पनीको जारी पूँजी रु. ५,५०,००,००,०००/- (पाँच अर्ब पचास करोड ) हुनेछ। |
| ५ (घ) | हाललाई कम्पनीको चुक्ता पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब) हुनेछ। | हाललाई कम्पनीको चुक्ता पूँजी रु. ५,५०,००,००,०००/- (पाँच अर्ब पचास करोड ) हुनेछ। |

**नियमावलीमा संशोधन**

| नियम | साबिकको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|---|
| ५ (क) | कम्पनीको अधिकृत पूँजी रु. ५,००,००,००,०००/-(पाँच अर्ब) हुनेछ। | कम्पनीको अधिकृत पूँजी रु. ५,५०,००,००,०००/- (पाँच अर्ब पचास करोड) हुनेछ। |
| ५ (ख) | कम्पनीको जारी पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब) हुनेछ। | कम्पनीको जारी पूँजी रु. ५,५०,००,००,०००/- (पाँच अर्ब पचास करोड) हुनेछ। |
| ५ (ङ) | कम्पनीको चुक्ता पूँजी कम्तीमा रु. ५,००,००,००,०००/- (पाँच अर्ब) हुनेछ। | कम्पनीको चुक्ता पूँजी कम्तिमा रु. ५,५०,००,००,०००/- (पाँच अर्ब पचास करोड) हुनेछ। |

Life Insurance Corporation (Nepal) Ltd.

(३) **कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।**

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्तावलाई सभाद्वारा सर्व सम्मतिकासाथ पारित गरियो ।

(ग) **अध्यक्षको अनुमतिले अन्य कुनै विषय नरहेको जानकारी गराईयो ।**

१४. **धन्यवाद ज्ञापन र विसर्जनः**

अन्त्यमा, सभाध्यक्ष श्री रत्नाकर पटनायकज्यूले साधारण सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. को २३ औं वार्षिक साधारणसभा भव्य र शभ्य रुपमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै अपरान्ह १.१५ बजे सभाको विसर्जन गर्नुभयो ।

..................

श्री सुदर्शन गिरी

(कम्पनी सचिव)

Life Insurance Corporation (Nepal) Ltd.

..................

श्री रत्नाकर पटनायक

(संचालक/सभाध्यक्ष )